# वि.सं. २०८३
# नव वर्षको हार्दिक शुभ-कामना



समृद्धिको अभियान,
लक्ष्य, वित्तीय ज्ञान

नेपाल पञ्चाङ्ग निर्णायक विकास समिति च. नं. ३७९/८३ 'क' बाट स्वीकृति प्राप्त

सौजन्य : लक्ष्मी सन्राइज बैंक

# कर्जा सद्बुपयोगको कथा



प्रकाश तामाङ रसुवाको राम्चे गाउँमै बसेर खेतीपाती र पशुपालन गर्ने किसान हुन् । पहिले पहिले उनको गोठमा दुई तीन ओटा भन्दा बढी गाईवस्तु थिएनन् । केही समय अघि उनले नजिकैको बैंकबाट कृषि कर्जा लिएर गोठमा गाई थपे, अहिले उनको गोठ फार्ममा परिणत भएको छ । गाउँकै स्थानीय ५/६ जनाले उनको गाई फार्ममा काम पनि पाएका छन् ।

दिनहुँ दूग्ध सङ्कलन केन्द्रमा दुध बेचेर मनग्य आम्दानी गर्दै आएका प्रकाशले कर्जाको किस्ता समयमै तिर्दै आर्थिक अनुशासन पनि कायम गरेका छन् । उनलाई आजकल सबैले "गाई बाजे" भनेर चिन्ने गर्छन् ।

## त्यसैले, लक्ष्मी दिदी भन्नु हुन्छ,

- आवश्यकता अनुसार र आय बढाउने उद्देश्यमा कर्जाले सहयोग गर्न सक्छ ।
- कर्जा लिनुअघि सोचविचार गरेर समयमा तिर्न सक्ने सुनिश्चित गरौं।
- जुन उद्देश्यको लागी कर्जा लिएको हो, त्यसैमा प्रयोग गरौं।



## वैशाख २०८३ — Apr/May 2026

| आइत SUN | सोम MON | मंगल TUE | बुध WED | बिही THU | शुक्र FRI | शनि SAT |
|---|---|---|---|---|---|---|
| | | **१** 14 द्वादशी | **२** 15 त्रयोदशी | **३** 16 चतुर्दशी | **४** 17 औँसी | **५** 18 प्रतिपदा |
| **६** 19 द्वितीया | **७** 20 तृतीया | **८** 21 चतुर्थी | **९** 22 पञ्चमी | **१०** 23 सप्तमी | **११** 24 अष्टमी | **१२** 25 नवमी |
| **१३** 26 दशमी | **१४** 27 एकादशी | **१५** 28 द्वादशी | **१६** 29 त्रयोदशी | **१७** 30 चतुर्दशी | **१८** 01 पूर्णिमा | **१९** 02 प्रतिपदा |
| **२०** 03 द्वितीया | **२१** 04 तृतिया | **२२** 05 चतुर्थी | **२३** 06 चतुर्थी | **२४** 07 पञ्चमी | **२५** 08 षष्ठी | **२६** 09 सप्तमी |
| **२७** 10 अष्टमी | **२८** 11 नवमी | **२९** 12 दशमी | **३०** 13 एकादशी | **३१** 14 द्वादशी | | |

१ गते - नववर्ष, ४ गते - मातातिर्थ औँसी, ११ गते - लोकतन्त्र दिवस, १८ गते - बुद्ध जयन्ती/उभौली पर्व/विश्व मजदुर दिवस/चण्डी पूर्णिमा।

भिडियो हेर्न यहाँ Scan गर्नुहोस्

समृद्धिको अभियान, लक्ष्य, वित्तीय ज्ञान

सौजन्य : लक्ष्मी सनराइज बैंक

# बजेट व्यवस्थापनको कथा



परवानीपुर, बारामा सोमकान्त साह र हरि यादव दुई साथीहरू गाउँ नजिकैको कारखानामा काम गर्दथे र उनीहरूको तलब प्रत्येक महिना बैंकको खातामै जम्मा हुने गर्थ्यो । सोमकान्त सधैँ योजना बनाएर मात्र चल्ने स्वभावका थिए । महिनाको सुरुमै उनी आफ्नो कमाइको थोरै हिस्सा बचतका लागि छुट्याउँथे र बाँकी रहेको पैसाले आफ्नो घरको खर्च चलाउँथे । बजेटअनुसार मात्र खर्च गर्ने भएकाले अनावश्यक खर्चप्रति उनी सधैँ सचेत थिए । फलस्वरूप उनलाई महिनाभरिको आवश्यकता पूर्ति गर्न कठिनाई पर्दैन थियो ।

हरि भने आजको कमाइ हप्ता दिनमै सिध्याउने खालका थिए । तलब पाउनासाथ उनी फजुल सामान किन्न थाल्दथे । उनले न बचत गरे न त कहिल्यै खर्चको हिसाब नै राखे । महिनाको अन्तिम क्षणतिर पुग्दा उनलाई सधैँजसो पैसाको अभाव हुने गर्दथ्यो ।

## त्यसैले, लक्ष्मी दिदी भन्नु हुन्छ,

- आम्दानी अनुसार बजेट बनाएर बचत गरेपछि मात्र खर्च गर्नुपर्ने कुरा नभुलौँ; याद राखौँ, खर्च = आम्दानी – बचत
- खर्च गर्नुअघि आवश्यकता र चाहनाबिच फरक छुट्याऔँ ।
- आम्दानी, खर्च र बचतको हिसाब गरेर बजेट बनाउने गरौँ ।



## जेठ २०८३ — May/Jun 2026

| आइत SUN | सोम MON | मंगल TUE | बुध WED | बिही THU | शुक्र FRI | शनि SAT |
|---|---|---|---|---|---|---|
| ३१ 14 चतुर्दशी | | | | | १ 15 त्रयोदशी | २ 16 औँसी |
| ३ 17 प्रतिपदा | ४ 18 द्वितीया | ५ 19 तृतीया | ६ 20 चतुर्थी | ७ 21 पञ्चमी | ८ 22 षष्ठी | ९ 23 सप्तमी |
| १० 24 अष्टमी | ११ 25 नवमी | १२ 26 दशमी | १३ 27 एकादशी | १४ 28 द्वादशी | १५ 29 त्रयोदशी | १६ 30 चतुर्दशी |
| १७ 31 पूर्णिमा | १८ 01 प्रतिपदा | १९ 02 द्वितीया | २० 03 तृतिया | २१ 04 चतुर्थी | २२ 05 पञ्चमी | २३ 06 षष्ठी |
| २४ 07 सप्तमी | २५ 08 अष्टमी | २६ 09 नवमी | २७ 10 दशमी | २८ 11 एकादशी | २९ 12 द्वादशी | ३० 13 त्रयोदशी |

१५ गते - गणतन्त्र दिवस।

भिडियो हेर्न यहाँ Scan गर्नुहोस्

समृद्धिको अभियान,
लक्ष्य, वित्तीय ज्ञान

सौजन्य : लक्ष्मी सनराइज बैंक

# साना साना बचतको कथा



धादिङको ज्वालामुखी गाउँमा बस्ने आशिष र सुनिता जुम्ल्याहा दाजु बहिनी हुन्। उनीहरूको उमेरमा अन्तर नभए पनि बचत र खर्च गर्ने आनीबानीमा धेरै अन्तर छ। सुनिता दसैं, तिहार एवम् वर्षभरि मनाइने चाडपर्वमा टीका लगाएर प्राप्त गरेको दक्षिणा वा पैसा बचाएर खुत्रुकेमा जम्मा गर्ने गर्थिन् र धेरै भएपछि बाबालाई बैंकमा लगेर आफ्नो बाल बचत खातामा जम्मा गरिदिन भन्थिन्। आशिषको पनि बाल बचत खाता त थियो तर ऊ अलि खर्चालु स्वभावको थियो। चाडपर्वका बेला आफन्तजनले दिने केही पैसा ऊ मिठो–मिठो बजारिया खानेकुरा खान र साथीहरूसँग खर्च गर्न रमाउँथ्यो। बहिनीको जस्तो बचत गर्ने सोच आशिषमा थिएन।

१० कक्षाको परीक्षा सकिएपछि कक्षाका साथीहरू मिलेर घुम्न जाने योजना बन्यो। बाबाले दुवै जनालाई थोरै खर्च दिने भए पनि सुनिताले आफूले बचत गरेर राखेको रकमले उनलाई मजाले घुमघाम गर्न पुग्ने भयो। तर आशिषसँग भने बचत नभएका कारण पुग्ने पैसा भएन र ऊ जान पाएन। यसले दाजु आशिषलाई बचतको महत्व र खर्चका बारे धेरै कुरा सिकायो।

## त्यसैले, लक्ष्मी दिदी भन्नु हुन्छ,

- सानो उमेरमै बचत गर्ने बानी आफ्नो बालबालिकाहरूलाई सिकाऔं।
- अनुशासित र नियमित बचतले आफ्नो इच्छा पूरा गर्न सकिनुका साथै भविष्य सुनिश्चित गर्न सकिन्छ।
- सानैमा सिकेको बचत गर्ने बानीले भविष्यमा पनि वित्तीय अनुशासन ल्याउँछ।



## असार २०८३ — Jun/Jul 2026

| आइत SUN | सोम MON | मंगल TUE | बुध WED | बिही THU | शुक्र FRI | शनि SAT |
|---|---|---|---|---|---|---|
| | १ 15 औंसी | २ 16 प्रतिपदा | ३ 17 तृतीया | ४ 18 चतुर्थी | ५ 19 पञ्चमी | ६ 20 षष्ठी |
| ७ 21 सप्तमी | ८ 22 अष्टमी | ९ 23 नवमी | १० 24 दशमी | ११ 25 एकादशी | १२ 26 द्वादशी | १३ 27 त्रयोदशी |
| १४ 28 चतुर्दशी | १५ 29 पूर्णिमा | १६ 30 प्रतिपदा | १७ 01 प्रतिपदा | १८ 02 द्वितीया | १९ 03 तृतिया | २० 04 चतुर्थी |
| २१ 05 पञ्चमी | २२ 06 षष्ठी | २३ 07 सप्तमी | २४ 08 अष्टमी | २५ 09 नवमी | २६ 10 एकादशी | २७ 11 द्वादशी |
| २८ 12 त्रयोदशी | २९ 13 चतुर्दशी | ३० 14 औंसी | ३१ 15 प्रतिपदा | ३२ 16 द्वितीया | | |

१५ गते - दही चिउरा खाने दिन (राष्ट्रिय धान दिवस), २९ गते - भानु जयन्ती।

भिडियो हेर्न यहाँ Scan गर्नुहोस्

समृद्धिको अभियान, लक्ष्य, वित्तीय ज्ञान

सौजन्य : लक्ष्मी सनराइज बैंक




जुम्लाको चन्दननाथ गाउँमा राम बिडारी र श्यामलाल साउद दुई छिमेकी आ–आफ्नो स्याउको फार्म चलाएर बस्थे । 'प्राकृतिक प्रकोप बाजा बजाएर आउँदैन' भन्ने बुझेर रामले आफ्नो व्यवसायको बीमा गराएका थिए ।

श्यामलाल चाहिँ बीमालाई बेकारको खर्च ठान्ने गर्थे । समय सधैं एकै किसिमको रहेन । ५ वर्षअघिको कुरा हो, ठूलो असिना पानीले उनीहरूको स्याउ सबै नष्ट गऱ्यो । दुबैको व्यवसाय रोकिने अवस्थामा पुग्यो ।

रामले बीमा दाबी गरेपछि केही समयमै बीमा कम्पनीले नीतिअनुसार क्षतिको रकम उपलब्ध गराइदियो । तर श्यामलाललाई भने सबै नोक्सानी आफैँले बेहोर्नु पर्दा आर्थिक सङ्कट पऱ्यो ।

### त्यसैले, लक्ष्मी दिदी भन्नु हुन्छ,

- बीमा अनावश्यक खर्च होइन, सङ्कटको बेला सुरक्षा हो ।
- आजको सावधानीले भोलिको ठूलो क्षति टार्न सक्छ ।
- अप्रत्याशित जोखिमबाट बच्न बीमा गरौं।



## साउन २०८३ — Jul/Aug 2026

| आइत SUN | सोम MON | मंगल TUE | बुध WED | बिही THU | शुक्र FRI | शनि SAT |
|---|---|---|---|---|---|---|
| ३१ 16 चतुर्थी | | | | | १ 17 तृतीया | २ 18 चतुर्थी |
| ३ 19 पञ्चमी | ४ 20 षष्ठी | ५ 21 सप्तमी | ६ 22 अष्टमी | ७ 23 नवमी | ८ 24 दशमी | ९ 25 एकादशी |
| १० 26 द्वादशी | ११ 27 त्रयोदशी | १२ 28 चतुर्दशी | १३ 29 पूर्णिमा | १४ 30 प्रतिपदा | १५ 31 द्वितीया | १६ 01 तृतीया |
| १७ 02 चतुर्थी | १८ 03 पञ्चमी | १९ 04 षष्ठी | २० 05 सप्तमी | २१ 06 अष्टमी | २२ 07 नवमी | २३ 08 दशमी |
| २४ 09 एकादशी | २५ 10 द्वादशी | २६ 11 चतुर्दशी | २७ 12 औँसी | २८ 13 प्रतिपदा | २९ 14 द्वितीया | ३० 15 तृतीया |

१ गते - साउने संक्रान्ती, १३ गते - गुरु पूर्णिमा, १५ गते - खिर खाने दिन।

भिडियो हेर्न यहाँ Scan गर्नुहोस्

समृद्धिको अभियान, लक्ष्य, वित्तीय ज्ञान

# OTP चोरको कथा



मनिशा भण्डारी काठमाडौँमै सानो व्यवसाय चलाउँछिन् । उनले आफ्नो पसलमा QR समेत राखेकी छिन् । उनी अधिकांश भुक्तानी मोबाइल बैंकिङ प्रयोग गरी गर्छिन् र पसलको भुक्तानी पनि QR मार्फत नै लिन्छिन् ।

एक दिन दिउँसो काममै व्यस्त हुँदा उनको मोबाइलमा अपरिचित नम्बरबाट फोन आयो । फोन गर्नेले आफू बैंकबाट हो भन्दै “तपाईंको बैंक खातामा असामान्य गतिविधि देखिएको छ । पैसा सुरक्षित गर्न तुरुन्त भेरिफिकेसन गर्नुपर्छ,” भन्यो । उसले बैंकको शाखाको नाम पनि सही भन्यो । मनिशालाई बैंक खाता रोकिएर पसलको भुक्तानी अड्केला भन्ने लाग्यो । केही सेकेन्डमै मोबाइलमा OTP आयो । फोनबाट आवाज आयो, “आएको OTP भन्नुहोस्, समस्या तुरुन्त समाधान हुन्छ।” एकसुरले काम गरिरहेकी मनिशाले धेरै नसोची OTP बताएर फोन काटिएको केही क्षणमै मोबाइलमा SMS आउन थाल्यो । जब उनले बैंक एप खोलिन्, आफ्नो खातामा भएको रकम अन्यत्र ट्रान्सफर भइसकेको थियो ।

## त्यसैले, लक्ष्मी दिदी भन्नु हुन्छ,

- OTP (One Time Password) कसैलाई पनि दिनुहुन्न भन्ने कुरा याद राखौं ।
- याद राखौं, बैंकले कहिल्यै फोन गरेर तपाईंको OTP माग्दैन ।
- डर देखाएर छिटो निर्णय गराउन खोज्नु ठगीको संकेत हो ।



## भदौ २०८३ — Aug/Sep 2026

| आइत SUN | सोम MON | मंगल TUE | बुध WED | बिही THU | शुक्र FRI | शनि SAT |
|---|---|---|---|---|---|---|
| | १ 17 पञ्चमी | २ 18 षष्ठी | ३ 19 सप्तमी | ४ 20 अष्टमी | ५ 21 नवमी | ६ 22 दशमी |
| ७ 23 एकादशी | ८ 24 द्वादशी | ९ 25 द्वादशी | १० 26 त्रयोदशी | ११ 27 चतुर्दशी | १२ 28 पूर्णिमा | १३* 29 प्रतिपदा |
| १४ 30 द्वितीया | १५ 31 तृतीया | १६ 01 चतुर्थी | १७ 02 षष्ठी | १८ 03 सप्तमी | १९* 04 अष्टमी | २० 05 नवमी |
| २१ 06 दशमी | २२ 07 एकादशी | २३ 08 द्वादशी | २४ 09 त्रयोदशी | २५ 10 चतुर्दशी | २६ 11 औंसी | २७ 12 प्रतिपदा |
| २८ 13 द्वितीया | २९* 14 तृतीया | ३० 15 चतुर्थी | ३१ 16 पञ्चमी | | | |

१ गते - नाग पञ्चमी, १२ गते - जनै पूर्णिमा/रक्षाबन्धन, १३ गते - गाईजात्रा *(काठमाडौं उपत्यका बिदा/देशभरका नेवार समुदायलाई बिदा), १९ गते - श्रीकृष्ण जन्माष्टमी/गौरा पर्व *(गौरा पर्व मनाउनेलाई बिदा), २६ गते - कुशे औंसी, २९ गते - राष्ट्रिय बाल दिवस/हरितालिका तीज *(महिला कर्मचारीलाई बिदा), ३० गते - ऋषिपञ्चमी व्रत ।

भिडियो हेर्न यहाँ Scan गर्नुहोस्

समृद्धिको अभियान, लक्ष्य, वित्तीय ज्ञान

# लोभले पैसा गुमाउनेको कथा



बुटवलमा पढ्ने एक विद्यार्थी सबिना लामाले एक दिन फेसबुकमा 'अनलाइन कामबाट सजिलै पैसा कमाउनुहोस्' भन्ने एउटा विज्ञापन देखिन् । विज्ञापन मार्फत मेसेज गर्दा उनलाई धेरै सदस्य भएको टेलिग्राम समूहमा जोडियो । समूहका एडमिनले 'सानो काम गरेर ठुलो कमाइ हुने' दाबी गर्दै फेसबुक पोस्टहरू लाइक गर्ने र युट्युब भिडियो हेर्नेजस्ता सजिला काम दिए । सुरुमा १०० रुपैयाँ **Deposit** गर्नुपर्ने थियो, जुन सबिनाले गरिदिइन् । केही पोस्ट लाइक गरेबापत उनले आफ्नो डिपोजिटसहित थप ५०० रुपैयाँ पनि पाइन् र यसले उनलाई विश्वास दिलायो । केही दिनमै उनले "थप कमाइ गर्न चाहनुहुन्छ भने अपग्रेड गर्नुहोस्" भन्ने सन्देश पाइन् ।

एडमिनले हप्तामा ३०,००० रुपैयाँसम्म कमाइ हुने भन्दै ३०० वटा टास्क पूरा गर्नुपर्ने र त्यसका लागि पहिला थप १०,००० 'डिपोजिट' गर्नुपर्ने बताए । सबिनाले सजिलै पैसा फिर्ता आउँछ भन्ने सोचेर आफ्नो खाताबाट रकम पठाइन् । तर त्यसपछि टास्क पनि आएन र केही सम्पर्क पनि भएन । उनले आफ्नो 'डपोजिट' फिर्ता माग्दा त्यसका लागि 'प्रोसेसिङ शुल्क' भनेर फेरि ५,००० रुपैयाँ मागियो । अब सबिनालाई शङ्का लागेर पैसा नपठाएपछि उनलाई ग्रुपबाट हटाइयो र ब्लक गरियो ।

## त्यसैले, लक्ष्मी दिदी भन्नु हुन्छ,

- अनलाइन गेम वा एपले सजिलै पैसा कमाउने दाबी गरेमा त्यस्तो कुरा विश्वास गर्नु हुँदैन ।
- आधिकारिक अनुमति र नियमनबिना सञ्चालन भएका गेम वा प्लेटफर्ममा पैसा हाल्नु आर्थिक जोखिम हो ।
- लोभ र उत्साहभन्दा अघि वित्तीय सचेतना र सत्य बुझ्ने प्रयास गर्नुपर्छ ।



## असोज २०८३ — Sep/Oct 2026

| आइत SUN | सोम MON | मंगल TUE | बुध WED | बिही THU | शुक्र FRI | शनि SAT |
|---|---|---|---|---|---|---|
| | | | | १ 17 षष्ठी | २ 18 सप्तमी | ३ 19 अष्टमी |
| ४ 20 नवमी | ५ 21 दशमी | ६ 22 एकादशी | ७ 23 द्वादशी | ८ 24 त्रयोदशी | ९* 25 चतुर्दशी | १० 26 पूर्णिमा |
| ११ 27 प्रतिपदा | १२ 28 द्वितीया | १३ 29 तृतीया | १४ 30 चतुर्थी | १५ 01 पञ्चमी | १६ 02 षष्ठी | १७ 03 सप्तमी |
| १८* 04 अष्टमी | १९ 05 दशमी | २० 06 एकादशी | २१ 07 द्वादशी | २२ 08 त्रयोदशी | २३ 09 चतुर्दशी | २४ 10 औंसी |
| २५ 11 प्रतिपदा | २६ 12 द्वितीया | २७ 13 तृतीया | २८ 14 चतुर्थी | २९ 15 पञ्चमी | ३० 16 षष्ठी | ३१ 17 सप्तमी |

१ गते - विश्वकर्मा पूजा, ३ गते - संविधान दिवस, ९ गते - इन्द्र जात्रा *(काठमाडौं उपत्यका बिदा)।
१८ गते - जितिया पर्व *(जितिया पर्व मनाउने महिला कर्मचारीलाई बिदा)। २५ गते - घटस्थापना। ३१ गते - फूलपाती।

भिडियो हेर्न यहाँ Scan गर्नुहोस्

समृद्धिको अभियान, लक्ष्य, वित्तीय ज्ञान

सौजन्य : लक्ष्मी सनराइज बैंक



# अनलाइन किनमेलको कथा

दसैं, तिहारको चहलपहल धनगढीमा सुरु भइसकेको थियो । बजार झिलिमिली थियो, तर रजिना कुइँकेल भने व्यस्तताले गर्दा मोबाइलबाट अनलाइन सपिङ गर्ने गर्थिन् । एक दिन रजिनाले टिकटकमा ठुलो छुटको विज्ञापन देखिन्। भिडियोले भारी छुटमा समान पाइने तर **Limited Stock** भएकोले अग्रिम भुक्तानी गरेर अर्डर कन्फर्म गर्नुपर्ने उल्लेख गऱ्यो । उनले सस्तोमा पाउने लोभले सो भुक्तानी गरेर अर्डर गरिन् ।

दुई दिनमा आउँछ भनेको सामान सात दिनसम्म पनि आएन । फोन गर्दा **Switch off** र म्यासेज गर्दा कुनै जवाफ पनि आएन । त्यसपछि चाहिँ रजिनालाई आफू ठगिएको थाहा भयो । त्यो अनुभवले उनलाई एउटा ठुलो पाठ सिकायो, अनलाइन किनमेल जति सजिलो देखिन्छ, त्यति नै सतर्कता पनि आवश्यक हुन्छ ।

## त्यसैले, लक्ष्मी दिदी भन्नु हुन्छ,

- अनलाइन सपिङ गर्दा पहिले बिक्रेताको विश्वसनीयता जाचौं, अनलाइनमा देखिने ठुलो छुट र आकर्षक विज्ञापनको लोभमा नपरौं।
- सामाजिक सञ्जालबाट भन्दा विश्वासिलो आधिकारिक वेबसाइट मार्फत अनलाइन सपिङ गरौं।
- सस्तोभन्दा सुरक्षित किनमेललाई प्राथमिकता दिऔं, सचेत बनौं, ठगीबाट बचौं ।



## कात्तिक २०८३ Oct/Nov 2026

| आइत SUN | सोम MON | मंगल TUE | बुध WED | बिही THU | शुक्र FRI | शनि SAT |
|---|---|---|---|---|---|---|
| १ 18 अष्टमी | २ 19 अष्टमी | ३ 20 नवमी | ४ 21 दशमी | ५ 22 एकादशी | ६ 23 द्वादशी | ७ 24 त्रयोदशी |
| ८ 25 चतुर्दशी | ९ 26 पूर्णिमा | १० 27 प्रतिपदा | ११ 28 द्वितीया | १२ 29 चतुर्थी | १३ 30 पञ्चमी | १४ 31 षष्ठी |
| १५ 01 सप्तमी | १६ 02 अष्टमी | १७ 03 नवमी | १८ 04 दशमी | १९ 05 एकादशी | २० 06 द्वादशी | २१ 07 त्रयोदशी |
| २२ 08 चतुर्दशी | २३ 09 औंसी | २४ 10 प्रतिपदा | २५* 11 द्वितीया | २६ 12 तृतीया | २७ 13 चतुर्थी | २८ 14 पञ्चमी |
| २९ 15 षष्ठी | 30 16 सप्तमी | | | | | |

१ गते - महाअष्टमी, २ गते - अष्टमी, ३ गते - महानवमी, ४ गते - विजय दशमी/बडा दशैं, ५ गते - एकादशी, ६ गते - द्वादशी, ८ गते - कोजाग्रत पूर्णिमा, २१ गते - काग तिहार, २२ गते - लक्ष्मी पूजा/कुकुर तिहार, २३ गते - गाई पूजा, २४ गते गोरु/गोवर्धन/म्ह पूजा/ने.सं. ११४७ प्रारम्भ, २५ गते - भाइटीका (किजापूजा)/फाल्गुनन्द जयन्ती *(किराँत धर्मावलम्बीहरुलाई बिदा), २६ गते - तिहार बिदा। २९ गते - छठ पर्व।

भिडियो हेर्न यहाँ Scan गर्नुहोस्

समृद्धिको अभियान, लक्ष्य, वित्तीय ज्ञान

# ID दुरुपयोग गरी ठगेको कथा



मोरङ शनिसचरेका सागर बुढाथोकीको फेसबुकमा एक दिन उनको पुरानो साथी रमेशको म्यासेज आयो । "अलिकति आपत पर्‍यो, तुरुन्तै ५–६ हजार जति पैसा चाहियो साथी, पछि भेटेर फिर्ता गर्छु" भनि क्युआर पठायो ।

सागरले साथीको विश्वास गरेर पैसा पठायो । पछि सागरले रमेशलाई फोन गरेर उसको समस्या र स्थितिबारे सोध्दा थाहा भयो, त्यो सन्देश रमेशले पठाएको नै होइन रहेछ, उसको नाम र फोटो दुरुप्रयोग गरेर ठगले अर्कै *ID* बनाएको रहेछ । उसले दिएको *QR* पनि रमेशको नभई त्यही ठगको रहेछ । त्यही *QR* पठाई अरुलाई पनि आपत पर्‍यो भनेर ठग्न थ्याइसकेको रहेछ । यो कुराले सागर दुःखी मात्र भएन, मनमनै फोन गरेर एकचोटि किन सोधिन भनि खिन्न पनि भयो ।

## त्यसैले, लक्ष्मी दिदी भन्नु हुन्छ,

- सामाजिक सञ्जालमा आएको सन्देशको मात्र भर पर्नु हुँदैन, पैसा पठाउनु अघि प्रत्यक्ष फोन वा पुष्टि गरेर मात्र कारोबार गरौं ।
- अप्रत्यासित रुपमा साथीले पैसा मागेमा फोन गरी सोध्ने गरौं ।
- *QR* बाट पैसा पठाउँदा पैसा पठाउन खोजेको खाता ठीक छ कि छैन भनेर हेर्ने गरौं ।



## मंसिर २०८३ — Nov/Dec 2026

| आइत SUN | सोम MON | मंगल TUE | बुध WED | बिही THU | शुक्र FRI | शनि SAT |
|---|---|---|---|---|---|---|
| | | १ 17 अष्टमी | २ 18 नवमी | ३ 19 दशमी | ४ 20 एकादशी | ५ 21 द्वादशी |
| ६ 22 त्रयोदशी | ७ 23 चतुर्दशी | ८ 24 पूर्णिमा | ९ 25 प्रतिपदा | १० 26 द्वितीया | ११ 27 तृतीया | १२ 28 चतुर्थी |
| १३ 29 पञ्चमी | १४ 30 षष्ठी | १५ 01 अष्टमी | १६ 02 नवमी | १७* 03 दशमी | १८ 04 एकादशी | १९ 05 द्वादशी |
| २० 06 त्रयोदशी | २१ 07 चतुर्दशी | २२ 08 औंसी | २३ 09 प्रतिपदा | २४ 10 प्रतिपदा | २५ 11 द्वितीया | २६ 12 तृतीया |
| २७ 13 चतुर्थी | २८ 14 पञ्चमी | २९ 15 षष्ठी | | | | |

१७ गते - अन्तर्राष्ट्रिय अपाङ्गता दिवस*(अपाङ्गता भएका कर्मचारीलाई बिदा)।

भिडियो हेर्न यहाँ Scan गर्नुहोस्

समृद्धिको अभियान, लक्ष्य, वित्तीय ज्ञान

# संयमता र सतर्कताको कथा



काठमाडौंको कीर्तिपुरमा बस्ने रमेश श्रेष्ठ सामान्य कर्मचारी हुन् । एक साँझ मोबाइल चलाउँदै गर्दा उनको *Whats App* मा एउटा एसएमएस आयो "तपाईंको *KYC* अपडेट नभएकाले बैंक सेवा आज रातिदेखि बन्द हुने छ, तुरुन्तै तलको लिङ्कमा जानकारी अपडेट गर्नुहोस्।" सन्देश हेर्दा बैंककै जस्तो देखिन्थ्यो, लोगो र भाषा पनि विश्वसनीय लाग्दथ्यो ।

रमेश अलमलमा परे । भोलिपल्ट तलब आउनुपर्ने भएकाले खाता बन्द भयो भने समस्या हुने डर लाग्यो र हतारमा उनले *Link* खोले। वेबसाइटमा आफ्नो नाम, खाता नम्बर, मोबाइल नम्बर र *SMS* मा आएको ओटिपी हाल्न भनिएको थियो । सुरुमा उनले केही विवरण भरे । त्यस्तैमा उनले "बैंकले कहिल्यै फोन मार्फत *OTP* माग्दैन" भन्ने कुरा सम्झिए । रमेश झस्किए । उनले तुरुन्तै वेबसाइट बन्द गरे र बैंकको ग्राहक सेवा नम्बरमा फोन गरे । बैंकले त्यो सन्देश बैंकबाट नगएको र ठगीको प्रयास भएको पुष्टि गर्‍यो ।

## त्यसैले, लक्ष्मी दिदी भन्नु हुन्छ,

- बैंक वा सरकारी नाममा आएका डर देखाउने वा अर्जेन्ट देखिने *SMS* का लिङ्क हतारमा नखोल्नुहोस् ।
- *OTP*, पासवर्ड र गोप्य खाता विवरण फोन, लिङ्क वा सन्देशमार्फत कहिल्यै नदिनुहोस् ।
- शङ्का लागेमा सिधै बैंकको आधिकारिक ग्राहक सेवा नम्बरमा सम्पर्क गर्नु नै सुरक्षित उपाय हो ।



## पुष २०८३ — Dec 2026/Jan 2027

| आइत SUN | सोम MON | मंगल TUE | बुध WED | बिही THU | शुक्र FRI | शनि SAT |
|---|---|---|---|---|---|---|
| | | | १ 16 सप्तमी | २ 17 अष्टमी | ३ 18 नवमी | ४ 19 दशमी |
| ५ 20 एकादशी | ६ 21 द्वादशी | ७ 22 त्रयोदशी | ८ 23 चतुर्दशी | ९ 24 पूर्णिमा | १० 25 द्वितीया | ११ 26 तृतीया |
| १२ 27 चतुर्थी | १३ 28 पञ्चमी | १४ 29 षष्ठी | १५ 30 सप्तमी | १६ 31 अष्टमी | १७ 01 नवमी | १८ 02 दशमी |
| १९ 03 एकादशी | २० 04 द्वादशी | २१ 05 त्रयोदशी | २२ 06 चतुर्दशी | २३ 07 औंसी | २४ 08 प्रतिपदा | २५ 09 द्वितीया |
| २६ 10 तृतीया | २७ 11 तृतीया | २८ 12 चतुर्थी | २९ 13 पञ्चमी | ३० 14 षष्ठी | | |

९ गते - धान्य पूर्णिमा, किरात समुदायको उधौली पर्व, योमरी पुन्हि, ज्यापु दिवस । १० गते - क्रिसमस-डे, १५ गते - तमु ल्होसार, २७ गते - पृथ्वी जयन्ती (राष्ट्रिय एकता दिवस)।

भिडियो हेर्न यहाँ Scan गर्नुहोस्

समृद्धिको अभियान, लक्ष्य, वित्तीय ज्ञान

# बैंक खाता भाडामा दिनेको कथा



काभ्रेको पनौती गाउँका दिनेश जतिसक्दो छिटो र सजिलो तरिकाले पैसा कमाउन चाहन्थ्यो । एक दिन दिनेशलाई सामाजिक सञ्जाल मार्फत एक समान्य चिनजानको साथीले  फोन गर्‍यो । त्यो व्यक्तिले दिनेशलाई भन्यो 'तिमीले आफ्नो बैंक खाता मलाई प्रयोग गर्न दियौ भने म तिमीलाई हरेक महिना १० हजार दिन्छु ।' दिनेशले सोच्यो, 'कामै नगरी घरमै बसेर सित्तैमा पैसा आउने भयो, यसमा के नै समस्या होला र ?' उसले पैसाको लोभमा परेर आफ्नो बैंक खाता र मोबाइल बैंकिङ विवरण उक्त व्यक्तिलाई दियो ।

केही महिनासम्म त पैसा आयो तर एक दिन अचानक दिनेशको घरमा प्रहरी आइपुगे । उसको बैंक खाता विभिन्न ठगीहरूको पैसा जम्मा गर्ने काममा प्रयोग भएको रहेछ । त्यो अपरिचित व्यक्तिले दिनेशको खाता प्रयोग गरेर अरूलाई ठगी गर्ने र अवैध कारोबार पनि गर्ने गरेको रहेछ । दिनेशले गल्ती नगरे पनि उसको खाताबाट अपराध भएकोले ऊ कानुनी झमेलामा फस्यो ।

## त्यसैले, लक्ष्मी दिदी भन्नु हुन्छ,

- आफ्नो बैंक खाता अरूलाई प्रयोग गर्न दिनु हुँदैन ।
- आफूलाई थाहा नभई आफ्नो खाताबाट भएको अवैध कारोबारले कानुनी कारबाही निम्त्याउन सक्छ भन्ने बुझौं ।
- छिटो र सजिलै पैसा कमाउने प्रलोभनबाट टाढा रहनु नै सुरक्षित निर्णय हो ।



## माघ २०८३ — Jan/Feb 2027

| आइत SUN | सोम MON | मंगल TUE | बुध WED | बिही THU | शुक्र FRI | शनि SAT |
|---|---|---|---|---|---|---|
| | | | | | १ 15 सप्तमी | २ 16 अष्टमी |
| ३ 17 नवमी | ४ 18 एकादशी | ५ 19 द्वादशी | ६ 20 त्रयोदशी | ७ 21 चतुर्दशी | ८ 22 पूर्णिमा | ९ 23 प्रतिपदा |
| १० 24 द्वितीया | ११ 25 तृतीया | १२ 26 चतुर्थी | १३ 27 पञ्चमी | १४ 28 षष्ठी | १५ 29 सप्तमी | १६ 30 अष्टमी |
| १७ 31 नवमी | १८ 01 दशमी | १९ 02 एकादशी | २० 03 द्वादशी | २१ 04 त्रयोदशी | २२ 05 चतुर्दशी | २३ 06 औंसी |
| २४ 07 प्रतिपदा | २५ 08 द्वितीया | २६ 09 तृतीया | २७ 10 चतुर्थी | २८* 11 पञ्चमी | २९ 12 षष्ठी | |

१ गते - माघी पर्व/माघे सङ्क्रान्ति, ८ गते श्रीस्वस्थानी व्रत कथा प्रारम्भ, १६ गते - सहिद दिवस, २४ गते - सोनम ल्होसार,
२८ गते - वसन्त पञ्चमी/सरस्वती पूजा *(शिक्षण संस्थालाई बिदा) ।

भिडियो हेर्न यहाँ Scan गर्नुहोस्

समृद्धिको अभियान,
लक्ष्य, वित्तीय ज्ञान

# हतारमा सेवा लिनेको कथा




लमजुङ जिल्लाको भोटेओडारका मदन भण्डारी सानो खुद्रा व्यवसाय सञ्चालन गर्दै आएका थिए । व्यवसायलाई अझ व्यवस्थित र विस्तार गर्ने उद्देश्यले उनले आफ्ना विश्वासिला साथीको सल्लाहमा बैंकबाट कर्जा लिने निर्णय गरे । कर्जा प्रक्रियालाई राम्रोसँग बुझ्न उनी साथीलाई साथमा लिएर बैंक पुगे ।

बैंक पुगेर कर्जा आवेदनको फारम भरी हस्ताक्षर गर्नै लाग्दा मदनलाई उनको साथीले रोके र पहिले सबै सर्तहरू ध्यानपूर्वक पढेर बुझ्नुपर्ने र कुनै कुरा स्पष्ट नभए तुरुन्तै शाखा प्रमुखसँग सोध्नुपर्ने बताए ।

त्यसपछि मदनले शाखा प्रमुखसँग छलफल गरी कर्जाको ब्याजदर, किस्ता तिर्ने समय र भुक्तानी प्रक्रियाबारे स्पष्ट जानकारी लिए । यसले उनलाई नगद प्रवाह व्यवस्थापन गर्न सजिलो बनायो र व्यवसाय सञ्चालनमा आत्मविश्वास थप्यो । यसले बैंकसँगको विश्वास पनि बलियो बन्यो र उनलाई अन्य वित्तीय सेवा लिन सहज वातावरण तयार भयो ।

## त्यसैले, लक्ष्मी दिदी भन्नु हुन्छ,

- कर्जा लिनुअघि आफ्नो आवश्यकता, आम्दानी र भुक्तानी क्षमताको यथार्थ मूल्याङ्कन गर्नै गरौं ।
- कर्जा लिने बेला सबै सर्त, ब्याजदर, भुक्तानी अवधि र जरिवाना बुझेर मात्र निर्णय लिऔं ।
- सही जानकारीसहित लिएको वित्तीय निर्णयले मात्र व्यवसाय र भविष्य सुरक्षित बनाउँछ ।



## फागुन २०८३ — Feb/Mar 2027

| आइत SUN | सोम MON | मंगल TUE | बुध WED | बिही THU | शुक्र FRI | शनि SAT |
|---|---|---|---|---|---|---|
| ३० 14 षष्ठी | | | | | | १ 13 सप्तमी |
| २ 14 अष्टमी | ३ 15 नवमी | ४ 16 दशमी | ५ 17 एकादशी | ६ 18 द्वादशी | ७ 19 त्रयोदशी | ८ 20 चतुर्दशी |
| ९ 21 प्रतिपदा | १० 22 द्वितीया | ११ 23 तृतीया | १२ 24 चतुर्थी | १३ 25 पञ्चमी | १४ 26 षष्ठी | १५ 27 सप्तमी |
| १६ 28 अष्टमी | १७ 01 नवमी | १८ 02 दशमी | १९ 03 एकादशी | २० 04 एकादशी | २१ 05 द्वादशी | २२ 06 त्रयोदशी |
| २३ 07 चतुर्दशी | २४ 08 औंसी | २५ 09 प्रतिपदा | २६ 10 द्वितीया | २७ 11 तृतीया | २८ 12 चतुर्थी | २९ 13 पञ्चमी |

७ गते - राष्ट्रिय प्रजातन्त्र दिवस, ८ गते - श्रीस्वस्थानी व्रत कथा समाप्त, २२ गते - महाशिवरात्री,
२४ गते - अन्तर्राष्ट्रिय महिला दिवस। २५ गते - ग्याल्पो ल्होसार।

भिडियो हेर्न यहाँ Scan गर्नुहोस्

समृद्धिको अभियान,
लक्ष्य, वित्तीय ज्ञान

# ग्राहक सेवा केन्द्रले समाधान गरेको कथा




काठमाडौँको महाराजगंजमा बस्ने रबिना तन्डुकारको भाइलाई कसैले मोबाइलमा **Password** र **OTP** सेयर गर्न लगाई एक साँझ ठगी गरेछ । ठगी थप हुन सक्ने हुँदा भाइले आफ्नो दिदीलाई सबै कुरा बताएछ ।

आफ्नो बैंकको २४ सै धण्टा सम्पर्क गर्न सकिने ग्राहक सेवाको नम्बर नभएको हुँदा रविनाले बैंकको **Website** बाट नम्बर पत्ता लगाइन र रातीनै बैंकमा सम्पर्क गरी खाता रोक्का गर्न लगाइन, जसले गर्दा थप नोक्सान हुन पाएन ।

## त्यसैले, लक्ष्मी दिदी भन्नु हुन्छ,

- आफ्नो खाता भएको बैंकको ग्राहक सेवा केन्द्रको फोन नम्बर सधैँ सुरक्षित राखौं ।
- बैंकलाई गरिएको गुनासो सुनवाई नभए, बैंकको गुनासो सुन्ने अधिकारीलाई सम्पर्क गरौं ।
- बैंकबाट समस्या समाधान नभए नेपाल राष्ट्र बैंकको गुनासो पोर्टलमार्फत गुनासो गर्ने गरौं ।



## चैत्र २०८३ — Mar/Apr 2027

| आइत SUN | सोम MON | मंगल TUE | बुध WED | बिही THU | शुक्र FRI | शनि SAT |
|---|---|---|---|---|---|---|
| | १ 15 सप्तमी | २ 16 अष्टमी | ३ 17 दशमी | ४ 18 एकादशी | ५ 19 द्वादशी | ६ 20 त्रयोदशी |
| ७* 21 चतुर्दशी | ८* 22 पूर्णिमा | ९ 23 प्रतिपदा | १० 24 द्वितीया | ११ 25 तृतीया | १२ 26 चतुर्थी | १३ 27 पञ्चमी |
| १४ 28 षष्ठी | १५ 29 सप्तमी | १६ 30 अष्टमी | १७ 31 नवमी | १८ 01 दशमी | १९ 02 एकादशी | २० 03 द्वादशी |
| २१ 04 त्रयोदशी | २२ 05 चतुर्दशी | २३* 06 औँसी | २४ 07 प्रतिपदा | २५ 08 द्वितीया | २६ 09 तृतीया | २७ 10 चतुर्थी |
| २८ 11 पञ्चमी | २९ 12 षष्ठी | ३० 13 सप्तमी | | | | |

७ गते - फागु पूर्णिमा *(हिमाली र पहाडी जिल्ला बिदा), ८ गते - फागु पूर्णिमा *(तराई जिल्ला बिदा)। २३ गते - घोडे जात्रा *(काठमाडौं उपत्यका बिदा)।

भिडियो हेर्न यहाँ Scan गर्नुहोस्

समृद्धिको अभियान,
लक्ष्य, वित्तीय ज्ञान

सौजन्य : लक्ष्मी सनराइज बैंक

# वित्तीय साक्षरताका थप कथाहरू


बजेटिङ्ग


लगानीको सही समय र अवसर


KYC अपडेट र बैंक खाता व्यवस्थापन


ऋण व्यवस्थापन र कर्जा सदुपयोग


खाताको प्रयोग


सफा नोट


रेमिट्यान्स


डिजिटल वित्तीय सेवाहरुको प्रयोग


डिजिटल वित्तीय कारोबारको सुरक्षा



डिजिटल सुरक्षा र वित्तीय संरक्षण


बीमा योजना


वित्तीय ग्राहक संरक्षण

समृद्धिको अभियान,
लक्ष्य, वित्तीय ज्ञान

**भिडियो हेर्न**
**QR Code Scan गर्नुहोस्**

आर्थिक स्वतन्त्रताबारे बुझौं
वित्तीय शोषण रोकौं ।



नोट : वर्ष समाप्ति पश्चात् यस क्यालेन्डरलाई गाताको रुपमा प्रयोग गर्न सकिनेछ।

सौजन्य : लक्ष्मी सन्राइज बैंक